**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 7, No. 1, 2017**
**ISSN 2091-1106**

# शैली विज्ञानको सैद्धान्तिक आधारः एक अध्ययन

**विश्वम्भर कुमार शर्मा**

नेपाली विभाग, त्रिवि, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल
E-mail: drbishwambhar@gmail.com

**सार**

*शैली विज्ञान भाषा विज्ञानको विशिष्ट र नवीन शाखा हो । समालोचनाको पुरातन पद्दतिलाई पन्छाएर नवीन चिन्तनलाई अगाडि ल्याउने शैलीविज्ञानले भाषा र साहित्यको वस्तुवादी ढंगले विश्लेषण गर्ने काम गर्दछ । कृतिको वस्तुगत अध्ययन विशलेषण गर्नको लागि शैलीविज्ञानको महत्वपूर्ण भूमिका रहने हुँदा वर्तमानमा यो लोकप्रिय हुँदै गएको हो । कुनै पनि रचना कृतिको बनौट, बुनौट तथा शैली पक्षको विश्लेषण गरी त्यसको साहित्यिक सौन्दर्य खोतल्ने काम शैली विश्लेषणमा गरिन्छ । कुनै पनि रचना कृतिलाई वस्तुगत दृष्टिकोणबाट हेर्ने हुँदा साहित्यकारले आफ्नो रचनालाई आकर्षक, कलात्मक र स्तरयि बनाउन मिठास प्रदान गर्न प्रयोग गर्ने वर्ण, शब्द, पदावली तथा वाक्यको रुपात्मक वा अर्थीय पुनरावृत्ति गर्ने कला शैली नै शैली विज्ञानको भाषामा चयन, विचलन तथा समानान्तरता भनी चर्चा गरिन्छ । यसरी साहित्यिक संरचना, शैली र भाषिक संरचनाको कसीमा कसेर साहित्यिक कृतिको चर्चा गर्नु शैली वैज्ञानिक अध्ययन हो ।*

**मुख्य शब्दहरू**

*अग्रभूमि; शैलीविज्ञान; वाह्यतल; प्रजनक-रुपान्तरणात्मक; अभ्यूदय*

## परिचय

शैलीविज्ञान अङ्ग्रेजीको “स्टाइलिस्टिक्स” बाट नेपालीमा रुपान्तरित शब्द हो। “स्टाइलिस्टिक्स” शब्दको व्युत्पत्ति अंग्रेजीको “स्टाइल” शब्दबाट भएको हो। “स्टाइल” शब्दमा प्रत्यय गाँसी “स्टाइलिस्ट” शब्द बनाइन्छ र त्यसमा शास्त्र वा ज्ञान बुझाउने “इक्स” प्रत्यय जोडेर “स्टाइलिस्टिक्स” शब्दको निर्माण गरिन्छ। यसरी निर्मित “स्टाइलिस्टिक्स” शब्दको नेपाली रुप शैलीविज्ञानको निर्माण शैली विज्ञानबाट भएको हो (शर्मा, २०४८ पृ.४)।

शैलीको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ। भाषाविज्ञानको प्रायोगिक फाँटमा नवीन शाखाका रुपमा देखा परेको शैलीविज्ञान साहियित्यक शैलीको अध्ययन गरिन्छ।

पूर्वमा “शैली” शब्द संस्कृतको “शील” बाट निर्मित शब्द हो। शैली भन्नाले तरिका रीति वा ढाँचा भन्ने बुझिन्छ। एक किसिमले भन्दा शैली भनेको भाषा प्रयोगको विशिष्ट रुप हो। यसमा एकातिर वक्ताले (सर्जकको) दृष्टिकोण, मनोवृत्ति, अनुभव तथा सामाजिक सांस्कृतिक स्तर व्यक्त हुन्छ भने अर्कोतिर समय, स्थान तथा श्रोतासंग तिनको सम्बन्ध सङ्केतित हुन्छ (शर्मा, २०४८ पृ.२)।

निष्कर्षमा भन्नुपर्दा जुनसुकै रचनाकारको सिर्जनाको जुनसुकै प्रकारलाई शैलीको रुपमा, मान्न सकिँदैन। शैली हुन रचनामा विशिष्टता हुनुपर्छ। यस्तो विशिष्टतायुक्त रचनामा भाषा एवम् विषयका दृष्टिबाट विचलन हुनुपर्छ र समग्रमा रचनामा सौन्दर्य हुनै पर्दछ।

### *शैलीविज्ञानको परिभाषा*

अधिकारी (२०६५पृ.६१) का अनुसार प्रत्येक स्रष्टाको भाषिक अभिव्यक्ति कला एकनासको हुँदैन। उसको सङ्कथनको विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा अन्य स्रष्टाको भन्दा भिन्नता हुने गर्दछ। कुनै पनि सर्जकका रचनामा देखापर्ने यस्तो शैलीगत विविधता सम्बन्धी भाषा वैज्ञानिक अध्ययन नै शैली विज्ञान हो।

कुनै पनि स्रष्टाले आफ्नो साहित्यिक सिर्जनामा जानी बुझिकनै भाषालाई विशिष्ट रुपमा प्रयोग गरेको हुन्छ। शैली विज्ञानले त्यस्तै विविध खाले प्रयोगहरुको अध्ययन र विश्लेषण गर्दछ। यस क्रममा शैलीविज्ञानले स्रष्टाका सिर्जनामा पाइने सूक्ष्म र जटिल प्रयोगहरुको पनि विवेचना गर्छ। जुनसुकै स्रष्टाले भाषालाई खेलाउन जानेको हुँदैन। भाषा खेलाउन नजान्नेले भाषामा विशिष्ट प्रयोग गर्न सक्दैन। केही गरी उसको साहित्यिक भाषामा विशिष्टता देखा परिहाले पनि त्यो विशिष्टता स्रष्टाले थाहै नपाइ वा सहज रुपमा आएको हुन सक्छ। शैलीविज्ञानले खुबी वा भाषिक कौशल भएको सर्जकको अध्ययन गर्दछ। यसैले मोहनराज शर्माले शैलीविज्ञानलाई शैलीत्वको विधिवत् चिन्तन मनन गर्ने नवीन शास्त्रका रुपमा अर्थ्याएका छन् (शर्मा र लुइँटेल, २०६३, पृ.२४२)।

भारतीय भाषा वैज्ञानिक रामकिशोर शर्माका अनुसार शैलीविज्ञान भनेको भाषालाई कुनै प्रयोजन विशेषका सन्दर्भमा अध्ययन गर्ने शास्त्र हो। जसमा प्रयोगजन्य विशिष्टताको अध्ययन गरिन्छ। कुनै स्रष्टाको सिर्जनामा शैली परिवर्तनको कारणले नयाँ रुपमा प्रकट भएको कलात्मक बान्कीको अध्ययन गर्ने काम शैलीविज्ञानको हो। (शर्मा, सन् २००६, पृ. ६४)।

नेपाल (सन् १९९२, पृ.३२) का अनुसार साहित्यिक अध्ययन, समीक्षण तथा अनुसन्धान गर्ने विभिन्न वाद तथा सिद्धान्तहरु छन्। ती कतिपय प्रभाववादी, पारम्परिक तथा अवस्तुवादी छन्। शैलीविज्ञान भने अलि पृथक प्रकारको छ। यसले भाषा विज्ञानको सहयोग लिएर साहित्यिक शैलीपरक अध्ययन गर्दछ। यो अध्ययन क्रममा भाषापरक पद्धति र कलापरक दृष्टि अपनाउने सिद्धान्त हो।

शैलीविज्ञान समालोचना पद्धतिमा देखापरेको नयाँ चिन्तन हो। यसले कुनै पनि रचना कृतिभित्र भाषा तथा साहित्यको खोजी गर्छ, तिनमा गरिएको प्रयोग ढाँचा हेर्छ र कुनै पनि कृतिको वस्तुगत अध्ययन गर्दछ।

### *शैलीविज्ञानको पृष्ठभूमि*

शैलीविज्ञान निश्चयतः आधुनिक भाषाविज्ञानको उपज हो। तर यसको इतिहास तिर चियाउँदा कताकति पूर्वेली र पश्चिमेली प्रथम चिन्तकहरुसम्म पुग्ने बाटाहरु खुल्दछन्। विज्ञान सम्मत रुपमा आज जसरी अगाडि बढेको नपाइएतापनि पूर्वमा पूर्वीय साहित्यशास्त्रका ज्ञात प्रथम चिन्तक भरतसम्म पुग्न सकिन्छ, जसका परम्परामा पूर्वीय विद्वानहरु भमह, दण्डी, आनन्दवर्द्धन, क्षेमेन्द्र, कुन्तक आदि हिँडेका पाइन्छन्। यसैगरी पश्चिमतिर पाश्चात्य काव्यशास्त्रका प्रथम महत्वपूर्ण विचारक प्लेटोसम्म पुग्न सकिन्छ। जसका परम्परामा अरस्तु, सिसेरो आदि हिँडेको पाइन्छ। शैलीविज्ञानको विगत पूर्व र पश्चिम दुवैतिर उस्तै रुपमा पाइने जस्तो देखिए पनि भाषावैज्ञानिक मर्म बोकेको शैलीविज्ञान भने आधुनिक भाषाविज्ञानकै देन हो।

उन्नाइइसौं शताब्दीमा भाषाशास्त्रबाट भाषाविज्ञानको विकास भएको हो। बिसौं शताब्दीमा भाषाविज्ञानको शाखाका रुपमा अर्थ विज्ञानको अभ्युदय भएपछि त्यसैको प्रायोगिक शाखाका रुपमा शैली विज्ञानको जन्म भएको हो। यसको अभ्युदय विशिष्ट भाषाको अध्ययनको लागि भएको हो। साहित्यमा प्रयुक्त भाषाको विशिष्ट रुपको अध्ययन नै शैली विषयक अध्ययन हो  (शर्मा, २०४८)।

### *सैद्धान्तिक स्वरूप*

शैलीविज्ञान मूलतः भाषाविज्ञान तथा साहित्य शास्त्रको समन्वयबाट निर्मित छ। शैलीविज्ञान कुनै कृतिको भाषिक अध्ययन गर्ने सन्दर्भमा भाषाविज्ञानको निकट हुन्छ भने कुनै कृतिको साहियित्यक वा सौन्दर्यात्मक अध्ययन गर्ने सन्दर्भमा साहित्य शास्त्रसँग नजिकिन्छ। भाषाविज्ञानकै एउटा शाखा भएर पनि साहित्यसँग पनि उसको कुम जोडिएकै हुन्छ। यसले प्रयोजनका लागि साहित्य शास्त्रलाई आफ्नो क्षेत्रभित्र समेटे पनि चिह्न विज्ञान वा प्रतिक विज्ञानबाट सहायता लिए तापनि यसको मूल प्रकृति चाहिँ भाषावैज्ञानिक छ। शैलीविज्ञानले साहित्यलाई भाषिक कला भन्ने हुँदा यसले प्रत्येक कृतिलाई एउटा भाषिक प्रतीक जान्छ। प्रतीकरुपी प्रत्येक साहित्यिक कृतिका दुई पक्ष हुन्छन् अभिव्यक्ति र कथ्य्। अभिव्यक्ति कृतिको बाह्य वा रुप पक्ष हो भने कथ्य आन्तरिक पक्ष। आन्तरिक पक्षमा अर्थ र सन्दर्भ पर्दछन्। शैलीवैज्ञानिक अध्येताले कुनै पनि कृतिको बाह्य पक्षलाई नै हेर्छ र बिस्तारै आन्तरिक पक्षतर्फ पाइला बढाउँछ  (शर्मा, २०४८)।

शैली विज्ञानको बाह्य पक्ष त्यसको बाह्यतल हो भने आन्तरिक पक्ष गहन तल हो। बाह्यतलबाट हेर्दा कुनै पनि कृतिलाई सतही पाराले मात्र हेर्न सकिन्छ। कुनै पनि कृति बाह्य तलबाट हेर्दा घोडाबाट देखिने फूलजस्तै हुन्छ। जसरी सुन्दर फूललाई राम्ररी हेर्न वा त्यसको सम्पूर्ण सुन्दरता अनुभूत गर्न घोडाबाट ओर्लेर फूललाई सुम्सुम्याउनु पर्छ, ओल्टाइपल्टाई हेर्नुपर्छ। कुनै पनि कृतिको गूढ अर्थ गहनतलमै हुन्छ तसर्थः त्यो बाह्यतलबाट नहेरिन सक्छ, नदेखिन सक्छ। कतिपय कृतिहरु पत्र पत्रमा अर्थिने खालका हुन्छन्। एउटा पत्रमा त्यसको एउटा अर्थ अर्को पत्रमा अर्कै अर्थ पनि लाग्न सक्ने हुन सक्छ। तहगत अर्थ लाग्ने गरी लेख्न विशेष खुबी चाहिन्छ र त्यसको गहनतलीय अर्थ खोतल्न त अझ झन् ठुलो खुबी चाहिन्छ (शर्मा, २०४८ )।

कुनै पनि कृतिमा बाह्यतलमा देखिने अर्थ मूर्त हो। त्यही मूर्त अर्थलाई पहिल्याउन अघि बढ्दा र बढिरहँदा गहनलमा पुगिन्छ अर्थात् अमूर्त अर्थसम्म पुगिन्छ। सामान्य दृष्टिले हेर्दा बाह्यतलीय अर्थ नै त्यस कृतिको साँचो अर्थ हो जस्तो लाग्छ तर यथार्थमा त्यसो होइन। कुनै पनि कृतिको अमूर्त अर्थको अनावरण गरी गूढ अर्थ निश्चित गर्ने प्रक्रिया हुन्छ। त्यही प्रक्रिया अपनाएर अघि बढे मात्र अमूर्तदेखि मूर्त अर्थसम्मको यात्रा सफल  हुन्छ। त्यसो हुनाले त्यसको मार्ग प्रारुप थाहा पाउनु पर्छ।

भाषा सिद्धान्तका वर्णनात्मक, संरचनात्मक, प्रजनक-रुपान्तरणात्मक आदि जुनसुकै प्रकारका पद्धति अपनाए पनि शैलीविज्ञानले भाषामा उपलब्ध उपकरणका आधारमा शैलीको विश्लेषण गर्दछ। यसरी शैलीविज्ञान साहित्यलाई हेर्ने नयाँ दृष्टि हो भन्ने प्रष्ट हुन्छ (शर्मा, २०४८)।

## विश्लेषणको सैद्धान्तिक आधार


कुनै पनि कृतिको विश्लेषण गर्न कुनै न कुनै आधार चाहिन्छ। त्यो आधार सिद्धान्त बिनाको भयो भने विश्लेषण नभएर पाठक प्रतिक्रिया मात्र बन्न सक्छ। शैलीविज्ञान भाषावैज्ञानिक आधारमा अडिएको हुनाले यसका विश्लेषण प्रक्रियाका आधारहरु आफ्नै प्रकारका छन्। तिनलाई यहाँ प्रस्तुत गरिएको छ।

शैलीवैज्ञानिक प्रक्रियाका सन्दर्भमा प्रक्रिया जनाउने सैद्धान्तिक आधारलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

### *(क) साहित्यिक संरचना*

प्रत्येक साहित्यिक कृतिको आ-आफ्नो संरचना हुन्छ। त्यस्तो

**कृति विश्लेषण प्रक्रिया**




संरचना त्यस कविताभित्र रहेका स-साना संरचनाहरुको समष्टि त हुँदै हो, साथै समष्टिले दिने सुन्दरता तथा पूर्णता समेत हो। साहित्यिक संरचनाका दुई महत्वपूर्ण घटकहरु हुन्छन् बनोट र बुनोट (शर्मा, २०४८, पृ.६)।

***बनोट :*** बनोट संरचना साहित्यिक कृतिमा पाइने साना घटनाहरुको समष्टि हो। प्रत्येक विधाका आ-आफ्नै खालका स-साना घटकहरु हुन्छन्। जुनसुकै विधाको कृति भएता पनि साना घटकहरुले आ-आफ्ना स्थानमा रहेर आ-आफ्ना भूमिकाहरु निर्वाह गरिरहेका हुन्छन्।

नाटकका सन्दर्भमा अङ्क, दृश्य, संवाद आदि तथा उपन्यासका परिप्रेक्ष्यमा भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि रहेका हुन्छन्। यसैगरी छन्द कवितामा पाउ, श्लोक, छन्द आदि तथा गद्य कवितामा पङ्क्ति तथा अनुच्छेदहरु नै साना घटक हुन्छन्  (शर्मा, २०४८, पृ.६)।

***बुनोट :*** कुनै कृतिलाई हेर्दा देखिने अवयव नै बुनोट हो। यो बनोट जस्तै अमूर्त र गुह्य हुँदैन। यो कृतिको बाह्य रुप हो। यस घटकका माध्यमले शैलीविज्ञानले कुनै पनि कृतिको रुपगत पक्षलाई केलाउँछ, जस अन्तर्गत छन्द, अलङ्कार, अर्थ, विम्ब, प्रतीक, कथानक चरित्र आदि पर्दछन् (शर्मा, २०४८, पृ.७)

### *ख) शैली*

सामान्य रुपमा शेली भनेको ढङ्ग, तरिका वा रीति जे भने पनि वर्ण्य सन्दर्भमा त्यतिले मात्र शैलीको परिभाषा, अर्थ र प्रकरणलाई समेट्न सक्दैन।

आधुनिक सन्दर्भमा विभिन्न विद्वानहरुले शैलीलाई विभिन्न ढङ्गले अर्थ्याएको पाइन्छ। कतिपय विद्वानहरुले शैलीलाई चयन, कतिपयले चयन र संयोजन, कतिपयले विचलन तथा कतिपयले वितरण भनेका छन्। यसैगरी अझ कतिपयले भाषा, कतिपयले अर्थ र कतिपयले कौशल भनेका छन् (शर्मा, २०४८ पृ.२६-२८)।

शैलीलाई गहिरोसँग बुझ्न यसका तत्वहरुको पहिचान गर्न सक्नु पर्दछ। शैलीलाई शैली बनाउने महत्वपूर्ण तत्व तथा भेदहरुलाई क्रमशः प्रस्तुत गरिँदै छ।

***ध्वनी चयन :*** रचनाकारले शब्दहरुको चयन गर्दा काव्यिक वातावरण बनाउने मात्र होइन, अनुकरण भावलाई जीवन्त बनाउने कुरा समेत सोचेको हुन्छ। जस्तै सिर्सिर् गर्दै बतास, कलकल गर्दै नदी आदि, अर्थगत कोमलता, कठोरता, ओज, माधुर्य आदिको व्यञ्जना पनि उचित ध्वनिहरुको संयोजनले बनेका शब्दहरुबाट नै हुन्छ (शर्मा, २००६, पृ.५०)।

***रुप चयन :*** रुप तत्वहरुको संयोजनबाट बन्ने शाब्दिक आकृतिलाई रुप भनिन्छ। रुप रचना व्याकरणबद्ध हुने हुनाले यसको चयनमा स्रष्टालाई त्यतिबिध्न छुट हुँदैन। तर अर्थ एवम् भावका दृष्टिले समरुपहरु मध्येबाट कुनैको चयन गर्न सकिन्छ। जस्तैः सुन्दरता वा सौन्दर्य, मधुरता वा माधुर्य, गम्भीर्य आदि (शर्मा, २००६, पृ.५०)।

***शब्द चयन :*** रचनाकारले आफ्नो कविताको माग अनुसार कुनै भाषा विशेषमा प्रचलित शब्दहरुको विपुल राशि मध्येबाट एउटाको चयन गर्दछ। यथार्थपरक अभिव्यक्ति तद्भव तथा ठेट शब्दहरुमा र अभिजात्य वर्णन तत्सम शब्दहरुमा सटिक ढङ्गले हुन्छ। शैलीवैज्ञानिक अध्ययनमा रचनाकारले शब्दहरुको चयन कुन स्रोतबाट गरेको हो, त्यसमा सरल तथा संयुक्त शब्दावलीको अनुपात कस्तो छ ? शब्दवर्गका दृष्टिले शब्दहरुको चयन नाम वा सर्वनाम कुन वर्गबाट गरिएको छ ? क्रियाको प्रकृति कस्तो छ ? जस्तो पक्षहरुको अध्ययन गरिन्छ (शर्मा, २००६ पृ.५०)।

***पदावली चयन :*** दुई वा बढी पदहरुको संयोजनबाट निर्मित व्याकरणिक एकाइलाई पदावली भनिन्छ। यो उपवाक्य तथा पद बिचको एकाइ हो। पदावलीको प्रयोग नाम, सर्वनाम, विशेषण क्रिया, क्रियाविशेषण आदि रुपसँग हुन्छ। समय, स्थान प्रयोजन आदिको स्पष्टताका लागि पदावलीको उपयुक्त चयन गर्नुपर्छ (शर्मा, २००६,पृ.५१)।

***वाक्य चयन :*** वाक्यका अनेक संरचनात्मक भेदहरु मध्येबाट रचनाकारले आफ्नो आवश्यकता अनुसार वा विषयवस्तुको माग अनुसार सरल, संयुक्त वा मिश्र वाक्यको चयन गर्दछ।

सरल वाक्यले घटना विशेषको एकाङ्गिकता, वक्ता वा उद्देश्यको स्वतन्त्र महत्तालाई ज्ञापित गर्दछ। जस्तै- शीलाले हरिलाई आउँदै गरेको देख्यो।

संयुक्त वाक्यले दुई वा त्यसभन्दा बढी घटना व्यक्तिहरुको सहअस्तित्वलाई सूचित गर्दछ। जस्तै- अविनाश पुस्तक पढ्दै छ र आशिष कोठामा बस्दै छ।

मिश्र वाक्यहरुमा जुनसुकै घटना वा व्यक्तिसँग सम्बन्ध वा निर्भरता सूचित गरिन्छ। जस्तै- श्यामले बुझेको कुरा के हो भने सीता आज आउँदिन। (शर्मा, २००६ पृ.५१)।

***अर्थ चयन :*** शब्दहरुको रुढ वा सर्वमान्य अर्थ पनि हुन्छ। तिनको प्राथमिक वाचकता अभिधापरक हुन्छ। वक्ता र रचयिताले आफ्नो वृत्ति, प्रयोजन, दृष्टिकोण आदि सम्पृक्त सन्देश सम्प्रेषण गर्न विशेष वाक्य विशेषलाई सामान्य अर्थबाट अलग रहेर लक्षणार्थ अथवा व्यङ्ग्यार्थ प्रकट गर्दछ। रचनाकारले आफ्नो मन अनुकूल अर्थ गर्भित शब्दको उचित चयन गर्न सकेमात्र नयाँ अर्थहरुको व्यञ्जना सम्भव हुन्छ। त्यस्तै शब्दहरुभन्दा बाहेक लोकोक्ति तथा उखानहरुको उचित चयनको कौशल पनि अपेक्षित हुन्छ। जस्तै- पाए अन्त नपाए लखनेको अन्त (शर्मा, २००६, पृ.५१)।

***अग्रभूमि निर्माण :*** शैलीविज्ञानमा अग्रभूमि निर्माण गर्नु भनेको पछाडि रहेको भागलाई अगाडि ल्याउनु हो। यसरी कुनै रचनामा पछाडि रहेको भागलाई अगाडि ल्याउँदा रचनाको प्रकृति नै फरक र स्तरीय हुन्छ। यस क्रममा कहिल्यै ख्याल नगरिएको अर्थ पनि फेला पर्ने सम्भावना हुन्छ र रचनाको ओज पनि बढ्छ। त्यसैगरी रचनामा आन्तरिक तथा बाह्य लय सिर्जना हुन्छ।

अग्रभूमि दुई प्रकारका हुन्छन्। तिनलाई क्रमशः प्रस्तुत गरिँदै छ :

***समानान्तरता :*** समानान्तरताको सिद्धान्त प्रतिपादन रोमन योकोब्सनले गरेका हुन्। समानान्तरतामा समान तथा असमान दुवै भाषिक एकाइहरुको पारस्परिक सन्तुलन स्थापित गर्ने प्रयत्न गरिन्छ। सादृश्यमूलक अलङ्कार वा अप्रस्तुत विधानले प्रस्तुत कथनको समानताको आधारमा अझ बढी ग्राह्य बनाउँछन्। यसैगरी विरोधमूलक कथनमा पनि प्रतिपक्षको अर्थगत स्थितिलाई अपेक्षकृत बढी प्राञ्जल बनाउने क्षमता हुन्छ। "सीताका आँखा कमलजस्ता छन् वा मृगका जस्ता छन्" भन्दा गुण साम्यका आधारमा आँखाको सौन्दर्यलाई जनसामान्यको व्यापक अनुभव क्षेत्रसँग सम्बद्ध गरेर यसको सम्प्रेषणलाई बढी सुबोध बनाइएको छ। यसैगरी "त्यो व्यक्ति सज्जन छ" भन्नुको तात्पर्य "ऊ दुर्जन छैन" भन्ने हुन्छ। यसरी साना-ठुला, राम्रा-नराम्रा, काला-

गोरा, सफा-फोहर आदि शब्दले एक  अर्काका सापेक्षतामा नै आफ्ना अर्थ खोल्दछन् (शर्मा, २००६, पृ.५४)।

***बाह्य समानान्तरता :*** यस अन्तर्गत ध्वनि, रुप, शब्द, एवम् वाक्यको समानान्तरता पर्दछन्।

***ध्वनि समानान्तरता :*** उही ध्वनिको आवृत्ति ध्वनिमूलक समानान्तरता हो। ध्वनिहरुको आवृत्तिले वातावरण जीवन्त भएर उठ्छ। ध्वनिबाट नै रङ, रेखा तथा छायाँको जीवन्त रुप प्रकट हुन्छ। ध्वनि समानान्तरता स्वरमूलक तथा व्यञ्जनमूलक दुवै हुन सक्छन्। व्यञ्जनमूलक समानान्तरताबाट अनुप्रास बन्ने गर्छ। माधर्यु, प्रसाद एवम् ओज गुणहरुको सञ्चार ध्वनिकै माध्यमबाट हुन्छन्। ध्वनि समानान्तरताले शब्द र अर्थमा सामञ्जस्यको सृष्टि गर्छ। ध्वनि माधुर्य भाव, कर्कश भाव, आकर्षक एवम् प्रीतिकर वातावरण, ओजपूर्ण उत्तेजक वातावरणको अन्तरलाई सजिलैसित रुपामित गर्न सकिन्छ  (शर्मा, २००६, पृ.५४)।

***रुप समानान्तरता :*** रुपको तहमा देखिने आवृत्ति रुप समानान्तरता हो। बद्ध रुपहरुको पुनरावृत्ति गर्दा अर्थको सम्भावना बढेर जान्छ। यसले कार्यको पुनरावृत्ति वा पटक पटक आवृत्तिको संरचना पनि प्राप्त हुन्छ।

***पदावली समानान्तरता :*** पदहरुको आवृत्ति नै पदावली समानान्तरता हो। यसमा पदावली आवृत्ति बल दिनका लागि हुन्छ।

***वाक्य समानान्तरता :*** यसमा वाक्यक्रम, वाक्य संरचना एवम् लोकोक्तिमूलक समानान्तरताको नियोजन हुन्छ। वाक्य क्रम स्थितिमा पहिलो शब्दको सङ्गति दोस्रो वाक्यसँग हुन सक्छ।

वाक्य संरचनामूलक समानान्तरतामा वाक्य संरचनाको आवृत्ति हुन्छ तर पहिलो वाक्यले दोस्रो वाक्यलाई सादृश्यका आधारमा प्रमाणित पनि गर्छ। लोकोक्तिहरुलाई पनि वाक्यका माध्यमबाट आवृत्त गरिन्छ (शर्मा, २००६ पृ.५५)।

***आन्तरिक समानान्तरता :*** यस अन्तर्गत अर्थालङ्कारहरुलाई समाहित गरिन्छ।

***अर्थ समानान्तरता :*** भाषाको सम्पूर्ण व्यापार अर्थको प्रयोजनले हुने हुनाले भाषा प्रयोगका प्रत्येक स्तरमा समानान्तरता मूलतः अर्थ व्यञ्जनका लागि नै हुन्छ। रचनाकारले अनेक पर्यायहरुलाई एक साथ राखेर पर्याय शब्दलाई व्यक्त गर्न चाहन्छ।

***विचलन :*** भाषाको मानक प्रयोगबाट फरक रहेर चल्नु नै विचलन हो। भाषाका प्रचलित प्रयोग भन्दा भिन्न रहेर गरिने भाषिक व्यवहारलाई विचलन भनिन्छ। विचलन साभिप्राय हुन्छ र यसद्वारा सम्प्रेषण अझ प्रभावकारी हुन्छ। यसलाई पनि अर्को तरिकाले फरक चयन भनेर मान्न सकिन्छ। विचलनलाई शैलीको मुख्य अभिलक्षण मानिन्छ। वक्ता वा रचनाकारले आफ्ना अनुभव तथा विचारहरुको अभिव्यक्तिका लागि विशिष्ट ध्वनि संरचनाद्वारा निर्मित शब्दको रुढ अर्थ उसका नितान्त वैयक्तिक अथवा अद्वितीय अनुभवहरुलाई व्यक्त गर्न अक्षम ठान्यो भने त्यसमा उसले आवश्यकता अनुसार परिवर्तन गर्दछ।

शैलीगत विचलनलाई विभिन्न रुपमा प्रस्तुत गरिँदै छ : (शर्मा, २००६ पृ.५२)

***ध्वनि विचलन :*** भावगत कोमलता, कठोरता, सरलता, सरसता, तीव्रता आदिलाई व्यक्त गर्न शब्दहरुको मानक ध्वनि प्रक्रियामा गरिने संरचनात्मक परिवर्तनलाई ध्वनि विचलन भनिन्छ। लोकभाषामा यस प्रकारको विचलन अज्ञानताको कारणले हुन्छ।

***रुप विचलन :*** व्याकरणिक प्रचलित रुपहरुको स्थानमा अप्रचलित रुपहरुको प्रयोग रुप विचलन हो। लिङ्ग, वचन, कारक आदि विभिन्न व्याकरणिक सन्दर्भहरुमा यसप्रकारको विचलन देखिने गर्दछ। “मेरीसँग मेरा आँखा चार भयो” भन्दा वचनगत विचलन भेटिन्छ।

***शब्द विचलन :*** शब्दलाई त्यसको रुढ अर्थबाट अलग गरेर नयाँ प्रतीकका रुपमा गरिने प्रयोग शब्द विचलन हो। साठी नाघेका वृद्धलाई “अस्ताउन लागेको घाम” भन्नु पनि शब्द विचलन हो।

***पदावली विचलन :*** यस अन्तर्गत पदावलीको निश्चित क्रम परिवर्तन गर्ने गरिन्छ। पदावली विचलन प्राय कविहरुले कवितामा प्रयोग गरेको पाइन्छ।

***वाक्य विचलन :*** वाक्य विचलनमा वाक्यलाई अपूर्ण रुपमा प्रस्तुत गर्ने गरिन्छ। आवश्यकता अनुसार कहिले उद्देश्य, कहिले क्रिया र कहिले दुवैलाई लोप गर्ने काम यसमा पर्दछ। कवितामा वाक्यगत अपूर्णता पर्याप्त मात्रामा भेटिन्छ।

***अर्थ विचलन :*** शब्दको रुढ अर्थलाई छाडेर कुनै अन्य अर्थमा प्रयोग गरिनु वा हुनु नै अर्थ विचलन हो। लक्ष्यार्थ

व्यङ्ग्यार्थ अर्थ विचलनद्वारा नै घटित हुन्छन्। कसैलाई "गधा" भन्दा गधा शब्दले आफ्नो मूल अर्थ छोडेर मूर्खताको व्यञ्जना गराउँछ (शर्मा, २००६ पृ.५३)।

***सन्दर्भ विचलन :*** प्रत्येक शब्दले आफ्नो अर्थ विशिष्ट सन्दर्भमा नै उद्घाटित गर्दछ। प्रयोगका आधारमा सन्दर्भको चेतना वक्ता वा रचनाकारको मस्तिष्कमा स्थिर हुन जान्छ। स्थिर सन्दर्भ क्षेत्रबाट फरक अर्थमा शब्दको प्रयोग गरिँदा सन्दर्भ विचलन हुन जान्छ। जस्तै- आजका कतिपय नेताहरुको त्याग र संयम वेश्याहरुको पवित्रता धर्म जस्तै छ (शर्मा, २००६ पृ.५४)।

***विविधता :*** विषय र प्रयोगकर्ता अनुसार एउटै भाषामा देखापर्ने विभिन्न भेदहरु नै विविधता हो। साहित्यिक रचना वा कृतिहरुमा यस्ता अनेक प्रकारका विविधताहरु देख्न पाइन्छ। शैली विज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताहरुको विश्लेषण गर्ने गर्दछ (शर्मा, २०४८, पृ.८ )।

***भाषा संरचना :*** साहित्यिक कृतिको आधार सामग्री भाषा हो। भाषाको संरचनाभित्र विभिन्न संरचक घटकहरु हुन्छन्। भाषाका संरचक घटकहरुको क्रम यस्तो देखिन्छ :

***व्याकरण व्यवस्था :*** कुनै पनि भाषाको व्याकरण व्यवस्था सम्बन्धित भाषाको सबैभन्दा उच्च तह हो। यस तहमा रुप प्रक्रिया तथा वाक्यविज्ञान पर्दछन्। यसमा यिनका प्रक्रिया तथा प्रकार्यहरुको व्याख्या गरिएको हुन्छ।

***शब्द व्यवस्था :*** शब्द पदावलीभन्दा तल्लो तथा रुपभन्दा माथिल्लो तह हो। भाषा संरचनामा यसको भूमिका बिचकै स्तरको हुन्छ। यस अन्तर्गत रुप प्रक्रिया तथा अर्थ विज्ञान पर्दछन्। शब्दको अर्थसँग अन्योन्याश्रित सम्बन्ध हुनाले शब्द व्यवस्था भाषा संरचनाको महत्वपूर्ण पक्ष हो।

***ध्वनी व्यवस्था :*** ध्वनि भाषाको लघुत्तम एकाइ हो। यो भाषाको व्यवस्थागत उद्गम बिन्दु पनि हो। त्यसैले यसलाई भाषाको आधारभूत एकाइ मानिन्छ। यस अन्तर्गत खण्डीय र खण्डेत्तर ध्वनिको व्यवस्था पर्दछ। खण्डीय ध्वनि भनेको भाषाको स्वर र व्यञ्जनको समष्टि हो भने खण्डेत्तर ध्वनि भनेको चाहिँ खण्डीय ध्वनिसँग साथ लागेर प्रयुक्त हुने अनुनासिकता, श्वसन, आघात, मात्रा, लय, तान, सुर आदिको समष्टि हो। माथि उल्लेखित प्रक्रियाहरुमध्ये आवश्यक जतिलाई अँगालेर शैलीविज्ञानले रचनाको बाह्य तलबाट गहनतलमा प्रवेश गर्छ र गहनतलमा लुकेर रहेको वास्तविक सन्देशलाई प्राप्त गर्दछ। साथै त्यसले वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिको सौन्दर्यको उद्घाटन गर्छ र त्यसको मूल्य निरुपण समेत गर्दछ (शर्मा, २०४८ पृ.७)।

## निष्कर्षमा

शैलीविज्ञानको यो विशिष्ट र नवीन शाखा भएकोले आधुनिक भाषा साहित्यको विश्लेषण गर्ने कार्यमा यो शैलीको प्रचुर प्रयोग भएको पाइन्छ। साहित्यको बस्तुवादी विश्लेषण गर्ने हुँदा शैलीविज्ञानलार्य बढी रुचाइएको पनि हो। यसले भाषिक र साहित्यिक शैली विश्लेषणको आधुनिक रुप ग्रहण गर्दछ। त्यसैले भाषा शिक्षण र साहित्य शिक्षणमा शैलीविज्ञानको भूमिका महत्वपूर्ण हुन्छ। पूर्वीय जगतमा शैली चिन्तनको लामो परम्परा रहेपनि यो मूलतः पाश्चात्य साहित्यिक चिन्तन मानिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी हेमाङ्गराज, (२०६५), सामाजिक र प्रायोगिक भाषा विज्ञान, काठमाण्डौः रत्नपुस्तक भण्डार।

अधिकारी हेमाङ्गराज र भट्टराई, बद्री विशाल.( २०६१).*प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाण्डौः विद्यार्थी प्रकाशन प्रा.लि.।

उपाध्याय, केशवप्रसाद, (२०६१), *पूर्वीय साहित्य सिद्धान्त*, काठमाण्डौंः साझा प्रकाशन।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अर्याल, डोलराज, (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाण्डौः पिनाकल पब्लिकेशन।

शर्मा, मोहनराज,(२०४८), *शैली विज्ञान,* काठमाण्डौ : ने.रा.प्र.प्र.।

शर्मा, रामकिशोर, (२००६ ई.), *भाषा चिन्तन के नये आयाम,* इलाहाबाद : लोकभारती प्रकाशन।

भट्टराई, रामप्रसाद,(२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाण्डौः शुभकामना प्रकाशन।

दाहाल, दुर्गाप्रसाद, (२०६१), *नरेन्द्रदाइ उपन्यासको शैली वैज्ञानिक अध्ययन,* अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि. मानविकी केन्द्रीय क्याम्पस, कीर्तिपुर।

गौतम, तीर्थ कुमारी, (२०६२), *अश्वस्थामा गीति नाटकको शैली वैज्ञानिक अध्ययन,* अप्रकाशित, स्नातकोत्तर शोधपत्र त्रि.वि.मानविकी केन्द्रीय क्याम्पस, कीर्तिपुर।